**माण्डवी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यलय**
**जस्पुर, प्युठान**
**अर्थिक वर्ष २०७८/०७९ को आन्तरिक लेखा परिक्षण प्रतिवेदन**

लेखापरीक्षण सम्पन्न मिति २०७९/०५/०८
कार्यालयः प्रमुख शिसिर रिजाल
लेखा प्रमुखः अर्जुन आचार्य / कमला वली
बजेट उपशीर्षक

| सि. नं | गो. भौ. नं. र मिति | श्रेस्ता परीक्षणबाट देखिएको व्यहोरा (वेरुजु) | वेरुजु हुने कानुनी आधार | नियमित गर्नुपर्ने | अशुल उपर गर्नु पर्ने | पेश्की म्याद नाघेको | पेश्की म्याद ननाघेको |
|---|---|---|---|---|---|---|---|
| १ | | **आन्तरिक नियन्त्रण प्रणालीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को परिच्छेद ६ को दफा ३१ मा सबै सरकारी कार्यालयले आफ्नो र अन्तरगतको कार्यालको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । सोही परिच्छेद्को दफा ३२ मा आन्तरिक नियन्त्रण प्रणाली आन्तरिक र अन्तिम लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको लागि तोकिए वमोजिम आन्तरिक नियन्त्रण समितिको समेत व्यवस्था छ । पालिकाले आफु र मातहतका कार्यालयबाट सम्पादन गरिने कार्यहरु दक्षता पुर्वक एवमं मितव्ययी रुपमा सम्पादन गरी नतिजा उन्मुख वित्तीय जोखिम न्युनीकरण गर्ने वित्तीय विवरणलाइ विश्वसनीय बनाइ आन्तरिक नियन्त्रण प्रणालीलाइ चुस्तदुस्त बनाउनु पर्नेमा सो नभएको पाइयो ..... | | | | | |
| २ | | **वार्षिक खरिद योजना** सार्वजनिक खरिद ऐन २०६३ को दफा ७ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ मा सार्वजनिक निकायको वार्षिक दश लाख भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम | | | | | |



मित्रमणि पौडेल
आन्तरिक लेखापरीक्षक

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । माण्डवी गाउँपालिकाले ऐनमा भएको व्यवस्था अनुसार खरिद योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्नेमा सो नभएको पाईयो । पालिकाले ऐनमा भएको व्यवस्था अनुसार खरिद योजना तयार गरी लागु गर्नु पर्ने ........ | | | | | |
| ३ | | **टुक्रे खरिदः**<br>सार्वजनिक खरिद ऐनमा २०६३ मा सार्वजनिक निकायले रु १० लाख भन्दा माथिको खरिद गर्दा वर्षिक खरिद योजना तयार गरी गर्नु पर्नेमा यस माण्डवी गाउँपालिकाले आफुलाई आवश्यक पर्ने माल सामान खरिद गर्दा प्रतिस्प्रधात्मक, मितव्यीता, पारदर्शिता, जवाफदेहिताको सिद्धान्तलाई पालना गरी बोलपत्र वा शिलबन्दी दरभाउपत्र विधिमार्फत खरिद गर्नु पर्ने कानुनी व्यवस्था रहेको छ । यस माण्डवी गाउँपालिकाले विभिन्न सामाग्री खरिद गर्दा टुक्रा टुक्रा पारी कोटेशन मार्फत खरिद गरेको देखियो । आगामी दिनमा यस पक्षमा सुधार गर्नु पर्ने तर्फ ध्यान दिनु पर्न देखिन्छ | | | | | |
| ४ | | **जिन्सी श्रेस्ता तथा नयाँ म. ले.प. फारमः**<br>हाल महालेखा परीक्षक कार्यालयले नयाँ मलेप फारमहरुको प्रयोग गर्ने भनि व्यवस्था गरेकोमा यस पालिका भित्रका शाखा उप शाखाहरुले जिन्सी लेखा तथा सार्वजनिक निर्माण सम्बन्धी मलेप फारमहरु, भ्रमण आदेश, भ्रमण विल लगाएतका मलेप फारमहरु पुरानै प्रयोग भएको पाइयो । आगामी दिनमा नयाँ मलेप फारमको पूर्णरुपमा पालनागर्नु पर्ने तर्फ ध्यान दिनु पर्ने .......... | | | | | |
| ५ | | **नागरिक बडापत्रः**<br>प्रत्येक सरकारी कार्यालयहरुले आफ्नो कार्यालयबाट प्रदान गरिने सेवा तथा सुविधाहरु, सेवाको प्रकृति हेरी सेवा प्रदान गर्ने शाखा वा व्यक्ति, सो सेवा दिदा लाग्ने समय चाह्िने आवश्यक कागजातहरु, सेवा दस्तुर शुल्क सहितको विवरण | | | | | |

माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय आन्तरिक लेखापरीक्षण शाखा प्यूठान, लुम्बिनी प्रदेश, नेपाल

मित्रमणि पौडेल
आन्तरिक लेखापरीक्षक

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | समावेश भएको सबैले देख्ने र बुझ्ने गरी नागरिक बडापत्र राख्नु पर्ने कानुनी व्यवस्था भएकोमा यस माण्डवी गाउँपालिकामा सो देखिएन। तसर्थ नागरिक बडापत्र राख्नु पर्नेमा गाउँपालिका तथा मातहतका कार्यालय हरुले प्रष्ट देखिने गरी बडापत्र राख्नु पर्ने देखिन्छ। | | | | | |
| ६ | | **उपभोक्ता समितिः**<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ४३ तथा सर्वाजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सक्ने व्यवस्था छ.।उ.स. बाट निर्माण कार्य गराउदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता गुणस्तरियता वा दिगोपन अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सिर्जना गर्ने र लाभग्रही समुदायलाई सहभागि गराउने भएमा उ.स. वा लाभग्राही समुदायलाई तोकिए बमोजिको कार्यविधि पुरा गरी त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने कुरा उल्लेख छ । तर , यस माण्डवी गाउँपालिकाले उपभोक्ता समितिले जिम्मा लिएको काममा ठूला भारी मेसिन उपकरण प्रयोग गर्नु परेमा कार्यालयको पूर्व स्वीकृती लिनु पर्ने व्यवस्था भएकोमा उपभोक्ता समितिहरुले गरेका निर्माण कार्यमा पूर्व स्वीकृती विना भारी मेसिन प्रयोग गरी खर्च गरेको पाइयो । कानुनी व्यवस्था बमोजिक कार्य नगर्ने नगराउने सम्बन्धमा कर्मचारी तथा उपभोक्ता समितिलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ यी यस्ता समिति मार्फत गर्ने कार्यको आय व्यायको लेखापरीक्षण समेत नगराउने भएकाले स्थायी दर्तावाल संयन्त्रबाट काम गर्ने गराउने गरी सुधार गर्नुपर्ने। | | | | | |
| ७ | | **गुणस्तर परीक्षणः**<br>सर्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ (१) अनुसार सार्वजनिक निकायले आपूर्ती गरेको मालसामान संझौतामा उल्लेखित प्रविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु पर्ने कानुनी | | | माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय आन्तरिक लेखापरीक्षण शाखा प्यूठान जस्पुर, लुम्बिनी प्रदेश, नेपाल | | |



मित्रमणि पौडेल
आन्तरिक लेखापरीक्षक

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | व्यवस्था छ । जिन्सी लगाएतका माल सामानहरुको प्राप्ति पछि सम्बन्धित विज्ञबाट परीक्षण गराई प्रतिबेदन पेश गर्नु पर्नेमा सो गरेको देखिएन, सो को पूर्णरुपमा पालना गर्नु पर्ने तर्फ ध्यान दिनु पर्ने । | | | | | |
| ८ | | **मौजुदा सूचिमा सूची दर्ताः** <br> सरकारी निकायमा आर्थिक कारोवार गर्नका लागि कारोवार संग सम्बन्धित व्यक्ति, फर्म वा कम्पनीले सार्वजनिक खरिद नियमावली २०६४ को अनुसूची २ (क) को ढाचामा मौजुदा सूचिमा दर्ता हुनका लागि निवेदन दिने र अनुसूची २ (ख) को ढाँचामा कार्यालयले मौजुदा सूचीमा दर्ता भएको निस्साको ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्ने कानुनी व्यवस्था भएकोमा सो को पालना भएको पाईएन......... | | | | | |
| ०९ | | **उपभोक्ता समितिलाई पेश्कीः** <br> सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२ क मा पेश्की सम्बन्धी व्यवस्था छ ऐनको दफा ५२ क को उप दफा १ मा सार्वजनिक निकायले खरिद संझौता पश्चात आपूर्ती कर्ता, निर्माण व्यवसाय वा सेवा प्रदायकबाट अग्रीम बैंक जमानत लिइ खरिद संझौताको बीस प्रतिशत नबढ्ने गरी पेश्की दिन सक्ने भनी व्यवस्था गरेको छ । माण्डवी गाउँपालिकाले आ व २०७८/ ०७९ को वार्षिक कार्यक्रम अन्तरगतका २ बटा उपभोक्ता समितिलाई पेश्की रकम उपलब्ध गराएको पाईयो खरिद ऐनको प्रतिकुल हुने गरी उपभोक्ता समिति संग कुनै पनि बैंक जमानत राख्ने अभ्यासलाई व्यहारमा लागु नभएको हुँदा यसरी उपभोक्ता समितिलाई पेश्की प्रदान गर्ने कार्य खरिद कार्यमा जोखिम भएको हुदा सो कार्य कानुन संवत देखिएन .............. | | | | | |
| 10 | | **मेसिन संचालन गर्नु पर्ने कार्यालाई उपभोक्ता समितिबाट नगराउनेः** <br> गाउँपालिकाले योजना छनौट गर्दा मेसिन संचालन गर्नु पर्ने योजना छनौटकै क्रममा वर्गीकरण गरी त्यस्ता योजना | | | | | |



माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय आन्तरिक लेखापरीक्षण शाखा

मित्रमणि पौडेल
आन्तरिक लेखापरीक्षक

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | उपभोक्ता समितिबाट गराउदा रोजगारी सिर्जना तथा उपभोक्ताको योगदान लाई नाममा मात्र सीमित भई त्यसबाट सोचेजती उपलब्धी नहुन सक्ने देखिन्छ । गाउँपालिकाको मेसिन चालु अवस्थामै रहेको तथा पालिकाका धेरै ठाउँहरुमा नया ट्र्याक खोल्ने कार्य लगभग संम्पन्न भएको अवस्थामा मेसिनको प्रयोग गरी संचालन हुने योजना हरुलाई उपभोक्ता समितिबाट नगराई ठेक्का टेन्डर प्रक्रियाबाट प्रतिस्प्रधा गराई कार्य गर्न तर्फ ध्यान दिनु पर्ने देखिन्छ । | | | | | |
| ११ | | **बैठकमा आमन्तत्रित सदस्य र सदस्य संख्याः**<br>कुनै पनि कार्यगर्नको लागि गठित समितिको बैठक बस्दा समितिका सदस्यहरु मात्र बस्नु पर्ने तथा सो बैठक बस्नेको उदेश्य संग सम्बन्धित विषय विज्ञलाई राख्नु पर्ने बाहेक अन्य व्यक्तिलाई बैठकमा आमन्तत्रित सदस्य राख्न नहुने भनि कानुनमा स्पष्ट व्यवस्था छ । तथा बढीमा ३ जना भन्दा वढी आमन्त्रित सदस्य राख्न नपाइने भएता पनि यस माण्डवी गाउँपालिकामा विभिन्न बैठकहरुमा विषय विज्ञताको ख्याल नगरी ३ जना भन्दा वढी आमन्तत्रित सदस्य राखि बैठक भत्ता प्रदान गरेको पाइयो । आगामी दिनहरुमा यस तर्फ सुधार गर्नु पर्ने देखिन्छ । | | | | | |
| १2 | | **सरकारी सम्पति जग्गाको लगतः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तर दायित्व नियमावली २०७७ को नियम १०२ मा घर जग्गाको लगत राख्नु पर्ने व्यवस्था छ प्रत्येक सरकारी कार्यालयले कार्यालय बसेको सरकारी घर जग्गा तथा कार्यालय अन्तरगतको सरकारी घर जग्गाको लगत मलेपबाट स्वीकृत ढाचाम राख्नु पर्ने व्यवस्था गरेको छ । ती घर जग्गाको आफ्नो नाममा वा अन्या कुनै कार्यलयको नाममा जग्गाधनी प्रमाण पुर्जा प्राप्त भए नभएको खुलाई अभिलेख राख्नु पर्नेमा सो भएको देखिएन । घर जग्गा को कानुन अनुसार लगात राख्नु पर्ने ::. | | | | | |
| १3 | | **न्यायिक समितिमा परेका उजुरीः** | | | | | |

माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय आन्तरिक लेखापरीक्षण शाखा प्युठान लुम्बिनी प्रदेश, नेपाल



मित्रमणि पौडेल
आन्तरिक लेखापरीक्षक

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४९ मा न्याय सम्पादन प्रकृया उल्लेख गरिउको छ । जसमा मेलमिलापबाट गर्नु पर्ने भनि व्यवस्था भएको पाईन्छ सो हुन नसकेमा न्यायिक समितिले कानुन बमोजिम गर्ने उल्लेख छ कानुन बमोजिम फौसला / किनारा फछ्र्यौट ३ महिना भित्र गरी सक्नु पर्ने व्यवस्था भएता पनि यस माण्डवी गाउँपालिकामा आ.व.२०७८/०७९ मा कुल उजुरी ३२ वटा मध्ये २३ वटा फछ्र्यौट भइ सकेको र ९ वटा उजुरी फछ्र्यौट वा किनारा हुन बाकी देखिन्छ । तसर्थ सो न्यायिक निरुपणको कार्य समंयमा फछ्र्यौट गर्ने तर्फ उपाध्यक्ष तथा न्यायिक समितिका सदस्यहरुको अग्रसरता देखिनु पर्दछ ..... | | | | | |
| १4 | | यस गाउँपालिका अन्तर्गत ५ वटै वडा कार्यालयहरुले आफ्नो कार्यालय प्रयोजनको लागि आवश्यक पर्ने मालसामान तथा मसलन्द सामाग्रीहरु खरिद गरेको देखिन्छ । सो खरिद कार्यमा माग फाराम खरिद आदेश दाखिला रिपोटको आधारमा भुक्तानी माग गरी भुक्तानी भएको पाईन्छ यसरी भुक्तानी गर्दा खरिद गरिएका माल बस्तुहरु तथा सामाग्रीहर जिन्सी खातामा स्पष्ट खुल्ले गरी ( खप्ने नखप्ने ) आम्दानी बाधे नबाधेको स्पष्ट हुन सकिएन । आगामी दिनमा वडा कार्यालयबाट हुने खरिद कार्य बापतको भुक्तानी दिदा वडा कार्यालय हरुले आफ्नो जिन्सी खातामा आम्दानी बाधेको प्रतिलिपी सम्लग्न राखी भुक्तानी माग गर्नु पर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ .......... | | | | | |
| १5 | | **रसिद नियन्त्रण खाता बनाइ राख्नु पर्नेः** यस गाउँपालिका तथा वडा कार्यालयहरुमा नगदी रसिद मार्फत हुने आर्थिक कारोवारलाई व्यवस्थित तथा पारदर्शी बनाउन रसिद नियन्त्रण खाता बनाई रसिदको सिलसिलेवार खातामा चढाई सोही अनुसार रसिदको प्रयोग गर्नु पर्ने र छपाई भएका नगदी रसिदहरुको प्रयोग भईसकेका अर्धकट्टीहरु सुरक्षित राख्नु पर्ने र आर्थिक वर्षको अन्त्यमा | | | माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय आन्तरिक लेखापरीक्षण शाखा प्युठान | | |



मित्रमणि पौडेल
आन्तरिक लेखापरीक्षक

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | प्रयोग भएका रसिद प्रयोग भइ नसकेका रसिदहरुलाई एकमुष्ट जम्मा गरी राख्ने र प्रयोग नभएका रसिदहरुलाई रसिद नियन्त्रण खातामा आम्दानी बाधी पुन प्रयोग गर्न सकिन्छ तर यस पालिकामा रसिद नियन्त्रण खाता बनाई सोको प्रयोग भएको पाईदैन तसर्थ आगामी दिनहरुमा रसिद नियन्त्रण खाता बानाई लागु गर्नु पर्ने......... | | | | | |
| | | **गाउँपालिका चालु** | | | | | |
| १6 | 44<br>२०७८/०७/०७<br><br><br><br><br><br><br><br><br><br><br>177<br>2078/11/22 | **अघिल्ला आ.व.को बक्यौता रकम भुक्तानीः**<br>क) पानी विजुली बजेट खर्च शिर्षकबाट गत आ .व .को विद्युत महशुल<br>- वृहत नर्सरी निर्माण योजना<br>- माण्डवी चिस्यान केन्द्र<br>- माण्डवी गाउँपालिकाको सभाहल<br>- कृषि सेवा केन्द्र देविस्थान<br>- पशु सेवा केन्द्र देविस्थान को नाममा बुटवल पावर कम्पनी दारिमचौर प्यूठानले बक्यौता रकम माग गरेकोमा भुक्तानी भएको देखियो ।<br>ख) विमा तथा नवीकरण खर्च बापतको रकम भुक्तानी गर्दा यस माण्डवी गाउँपालिकामा रहेका विभिन्न चार पाङ्ग्रे तथा दुई पाङ्ग्रे सवारी साधनको बाकी अघिल्लो आ व मा नवीकरण नगराई बाकी बक्यौता र जरिमाना बापत विमा तथा नविरकण शुल्क बापत भुक्तानी भएको देखिन्छ समयमा नै भुक्तानी नगर्दा कार्यालयलाइ थप व्ययभार पर्न गएकोले सो कार्य समयमै गर्न गराउन लेखा उत्तरदायी अधिकृतले ध्यान दिनु पर्ने ...... | | | | | |
| १७ | 250<br>२०७9/०1/14 | माण्डवी गाउँपालिकका अन्तर्गत रहेका प्रत्येक माध्यमिक विद्यालयहरुमा हप्किडों प्रतियोगिता र अध्यक्ष कप प्रतियोगिता तथा प्रदेश स्तरीय प्रतियोगिता रु नौ लाख मा सम्पन्न भएको देखिन्छ ।-प्रदेश स्तरीय खेलकुद कार्यक्रममा प्रदेश स्तरीय आयोजना भएको भएता पनि, कहाँ कुन प्रदेशका | | 500000 | | | |



माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय आन्तरिक लेखापरीक्षण शाखा प्यूठान ... लुम्बिनी प्रदेश, नेपाल

मित्रमणि पौडेल
आन्तरिक लेखापरीक्षक

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | कुन कुन जिल्लाबाट कुन कुन खेल समुहमा कति कति जना खेलाडीले सहभागीता जनाएको हो र सो खेलाडीहरु खेलमा सहभागीहुन आउदा कुनै पनि सहभागी प्रमाण भएको देखिएन तसर्थ सहभागी खेलाडीहरुको कुन कुन संस्था/ खेल समुह बाट सहभागिता जनाएको हो सो को प्रमाण सो कार्यक्रमका संयोजक नेपाल मार्शल आर्टस ह्याप्किडो संघ प्यूठाका अध्यक्ष टेकराज के सी ले पेश गर्नु पर्ने...... | | | | |
| | | कृषि चालु | | | | |
| १८ | 3/4<br>२०७८/08/03 | आकस्मिक बाली संरक्षण सहयोग कार्यक्रमबाट रु २98300 को विषादी खरिद गरिएकोमा सो विषादी खर्च भए नभएको तथा जिन्सी खातामा आम्दानी बाधे नबाधेको कुनै पनि प्रमाण देखिएन सो विषादी वितरण गरेको भर्पाई तथा स्टक रहे नरहेको विवरण पेश गर्नु पर्ने ...<br><br>तरकारी सिड किट वितरण कार्यक्रमबाट तरकारी तथा अन्य विउ पल रु १४९725को खरिद गरिएको देखिन्छ सो खरिद गरिएको विउपलको कार्यालयमा जिन्सी किताबमा आम्दानी बाधे नबाधेको तथा सो विउपल वितरण गरेको भर्पाई तथा प्रमाणित कागजात पेश गर्नु पर्ने | | | | |
| | | **गाउँपालिका पूजिगत** | | | | |
| १९ | | **गाउँपालिकाको मेशिन द्वारा सम्पन्न गरिने भनिएका योजनाः**<br>गाउँपालकाको मेशिन प्रयोग गरी सम्पन्न गर्ने भनि वर्षिक बजेट तथा नीति कार्यक्रममा योजना बनाई राखेको देखिन्छ । आ ले प को क्रममा गाउँपालिकाको मेशिनको प्रयोग गरी सम्पन्न गरिने भनिएका योजनाहरुलाई गा प्रा को मेशिन प्रयोन नगरी अन्य निर्माण व्यवसायीहरुको मेशिन प्रयोग गरी भुक्तानी भएको देखियो । तसर्थ गाउँपालिकाको मेशिन संचालन भई कार्य सम्पन्न भएका योजनाहरु देखिएनन् गाउँपालिकाको मेशिन बाट हुने आम्दानीलाई गाउँपालिकाले आफ्नो अन्तरिक आयमा राख्ने भनि बजेट नीति तथा | | | | |



माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आन्तरिक लेखापरीक्षण शाखा
प्यूठान
जस्पुर, लुम्बिनी प्रदेश, नेपाल

मित्रमणि पौडेल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | कार्यक्रममा उल्लेख भएता पनि सो मेशिन संचलनबाट आन्तरिक आयमा के कति रकम आम्दानी भयो सो को विवरण देखिएन तसर्थ मेशिन चालु अवस्थामा रही नियमित कार्य गरेको देखिन्छ सो मेशिन द्वारा गरिएको कार्यको कुनै पनि विवरणहरु देखिएन तसर्थ गा पा मेशिन बाट भएको आम्दानी के कति आयको रुपमा संचित कोषमा आम्दानी बाधिएको छ सो को रकम उल्लेख गर्नु पर्ने ..... | | | | | |
| २० | 213<br>2079/03/13 | गरिव असहायका लागि तार, मिटर वक्स, एम.सी.वि. खरिद तथा वितरण कार्यक्रम बाप्त रु272589 रुपौयाँको खरिद कार्य वुटवल पावर कम्पनीबाट भएको देखिन्छ । रु एक लाख भन्दा माथिको खरिद कार्य गर्दा कोटेशन तथा शिलकोटेशन मार्फत गर्नु पर्ने कानुनी व्यवस्था रहेको छ । जसमा ३ भन्दा बढी फर्म वा कम्पनी विच प्रतिस्प्रधा गराई गर्नु पर्नेमा सो भएको देखिएन साथै खरिद गरिएका सामाग्रीहरुको प्रयोग भए नभएको तथा सामाग्रीहरुको वितरण गरिएको भर्पाई तथा पुष्टिगर्ने कागजात नरहेको हुँदा खरिद गरिएका सामाग्रीहरुको वितरण गरिएको भर्पाई सम्लग्न राख्नु पर्ने अन्यथा सो खरिद कार्य नियम संगत देखिदैन ..... | | | | | |
| २१ | 136<br>2079/01/26 | गाउँपालिका कार्यालय जोड्ने सडक कालोपत्रे गर्ने कार्यको सिलबन्दी दरभाउ पत्रको माध्यमबाट बिजय निर्माण सेवा द्वारा कार्य भएको देखिन्छ जसमा PS Items मा रु२२000 हजार रहेको देखिन्छ जसको Third Party Bill Payment हुनु पर्ने मा रु१५652 को मात्र विल देखिन्छ जसमा बढी भुक्तनी हुन भएको रकम रु 6348 निर्माण व्यवसायीबाट अशुल गर्नु पर्न साथै ईन्सोरेन्श बापतका विलहरु फोटोकपी विल भएको हुँदा सक्कल विल राख्नु पर्ने ..... | | | 6348 | | |
| २२ | 165<br>2079/01/29 | रकमान्तर गरी खर्च लेख्नु पर्नेः<br>सवारी साधन खरिद बजेट खर्च शिर्षकमा विनियोजन भएको रकमलाइ निर्वाचन प्रयोजनको लागि निर्वाचन आयोगले स्थानीय तह सदस्य निर्वाचन २०७९ को प्रयोजको लागि | | | | | |



माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय आन्तरिक लेखापरीक्षण शाखा जस्पुर, प्युठान लुम्बिनी प्रदेश, नेपाल

मित्रमणि पौडेल,
आन्तरिक लेखापरीक्षक

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | स्थानीय तहहरुलाई सि सि टिभी जडान गर्नु भनि गरेको पत्राचारको आधारमा सो सवारी साधन खरिद खर्च शिर्षकबाट सि सि टिभी जडान गरेको देखिन्छ जो फरक शिर्षकबाट खर्च भएको देखिन्छ । आवश्यकतालाई मध्येनजर गरेर खरिद कार्य गर्दा सो रकम लाई रकमान्तर गरी खर्च गर्नु पर्नेमा सो नगरी खर्च गरेको देखियो जुन संबैधानिक तथा कानूनी व्यवस्थाको प्रतिकुल देखिन्छ । जसमा कानुनले रकमान्तर गरेर खर्च गर्नु पर्ने उल्लेख गरेकोमा रकमान्तर नगरी खर्च लेखेको हुदा सो कार्यलाइ पुर्ण पालना गर्नु पर्ने देखिन्छ ..... | | | | | |
| २३ | 255<br>2079/03/21 | सिरवारी देखि देवी मन्दिर तारवार निमार्ण योजना माण्डवी ४ मा रु १००००० विनियोजन भएको देखिन्छ । यस योजना मिति २०७९/02/10 मा सुरु भई 2079/03/20 मा सम्पन्न गर्ने गरी पालिका संग भएको संझौता अनुसार मिति २०७९/02/10मा सो योजना निर्माण समितिलाई काम गर्नको लागि कार्यदेश दिईएको देखिन्छ । तर उपभोक्ता समितिले संझौता बमोजिमको मितिमा कार्य गरेकोभनी प्रविधिक मुल्याङ्कन बाट देखिन्छ तर सो योजनाको लागि आवश्यक पर्ने सामाग्री खरिदको विल भर्पाईहरु संम्पन्न मिति भन्दा पछाडी रहेको देखियो यस योजना समयमा कार्य सम्पन्न हुन नसकेको तर म्याद थप पनि नगरेको देखिन्छ तसर्थ कार्यसम्पन्न संझौता मिति भन्दा पछि भएको विल भर्पाई बाट पुष्टि हुन जान्छ । यस्तो कार्यमा प्रविधिक तथा वडाले म्याद थप गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ....... | | | | | |
| संघीय सरकार हस्तान्तरिक कार्यक्रम -पुजीगत | | | | | | | |
| २४ | 2<br>२०७८/06/22 | सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत माण्डवी १,२,३, र ४ मा गरी १८ घर परिवारको लागि रु50000 का दरले उपलब्ध गराउने रकमको गत आ.व. मा 20/20 हजार पेश्की बापतको रकम उपलब्ध गराईसकिएको भनि प्रविधिकबाट टिप्पणी उठाई बाकी ३०000 तथा पेश्की नदिइएका | | | माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय आन्तरिक लेखापरीक्षण शाखा जस्पुर, प्युठान लुम्बिनी प्रदेश, नेपाल | | |



मित्रमणि पौडेल
आन्तरिक लेखापरीक्षक

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | परिवारलाई ५0000 का दरले भुक्तानी गरेको पाईएता पनि सो को प्रविधिक मुल्याङ्कन गर्दा काम भएको पाईएता पनि काम भए नभएको सो को अनुगमन रिपोट तथा फोटो साथै सम्लग्न विल भर्पाई तथा कार्य भए नभएको कुनै पनि पुष्टि गर्ने कागजात नदेखिएको हुदा सोको भुक्तानी बापतको रु 620000 रकमको कागजात पेश गर्नुको साथै प्रत्येक घरको 1/1 प्रविधिक स्टिमेट र कार्य सम्पन्न प्रतिबेदन राख्नु पर्ने ............ | | | | | |
| २५ | 40<br>२०७9/०३/21 | सिद्धथान व्यवसायिक बाख्रा फर्म लाई अनुदान माण्डवी २ पुकरुकलाई रु. 500000। कार्यक्रमको प्रविधिकबाट निर्माण कार्यको लागि ट्रास्पोर्टेशन कस्टमा 6*4000= 24000 राखेर स्टिमेट गरेको देखिन्छ साथै कार्य सम्पन्न प्रतिबेदनमा पनि सो 7*4000= 28000 राखेको पाईयो तर ढुवाली बापतको कुने पनि विल भर्पाई राखेको देखिएन प्रविधिकले कार्य सम्पन्न गर्दा प्रतिवेदन र लागत स्टिमेट गर्दा ढुवानी बपत राखेको रु २४000 खर्च नभई अनेत्र खर्च गरी विल भर्पाई राखि भुक्तानि लिएको हुँदा सो रकम रु २४000 निज व्यवसायिक बाख्रा फर्मका संचालकबाट अशुल गर्नु पर्ने.... | | | 24000 | | |
| **प्रदेश सरकार पुजिगत** | | | | | | | |
| २६ | 49<br>2079/03/24 | माण्डवी गाउँपालिका खानेपानी पाईप खरिद तथा व्यवस्थापन बजेट शीर्षकमा रु1000000 विनियोजन भएको देखिन्छ । सो बजेट खर्च शीर्षकबाट पाईप खरिद गरेको पाईयो । जसमा खरिद गरिएको पाईप कहाँ कति खर्च भयो सो को वितरण गरिएको कुनै पनि भर्पाई नभएको पाईयो सो पाईप कहाँ कसलाई वितरण गरियो त्यसको भर्पाई सम्लग्न राख्नु पर्ने अन्यथा सो खरिद कार्य नियम संगत देखिदैन ........ | | | | | |

........................
मित्रमणि पौडल
**मित्रमणि पौडेल**
**आन्तरिक लेखापरीक्षक**

माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आन्तरिक लेखापरीक्षण शाखा
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

........................
ध्रुव कुमार पोख्रेल
**नि.प्रमुख प्रशासकिय अधिकृत**